बैठक संख्या: १२

आज मिति २०८१ साल चैत्र २५ गते सोमबार रुक्षेत्र गाउँपालिका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय: दिनको १:०० बजे

स्थान: कार्यपालिका बैठक कक्ष

उपस्थिति:

| क्र.सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिना देवी गौतम | |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोतीप्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरि प्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरिकला वराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धिमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | मिना |
| १५. | सचिव | श्री लक्ष्मण पाण्डे (प्र.प्र.अ.) | |

बैठक संचालन सहयोगी

ना.सु. श्री राम प्रसाद ज्ञवाली

श्री मिलन श्रेष्ठ (लि.इ.)

श्री तेज बहादुर कुमाल (प्रा.स.)

श्री मीना गौतम (क.स.)

**मिति २०८१ चैत्र २५ गतेको बाह्रौ कार्यपालिका बैठकका प्रस्तावहरु:**

१. यसभन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्वन्धमा ।
२. प्रदेश समपुरक कोष अन्तर्गतका योजना तथा कार्यक्रम छनौट सम्वन्धमा ।
३. विशेष अनुदान अन्तर्गतका योजना तथा कार्यक्रम छनौट सम्वन्धमा
४. गाउँ शिक्षा समितिका बैठकका निर्णयहरु अनुमोदन सम्वन्धमा ।
५. शर्मा सगुन जोइन्ट भेन्चर, रुपन्देहीलाई सागुरे र ठूलाबगरवाट १०० टिप्पर मिस्कट उत्खनन् गर्न अनुमति दिने सम्वन्धमा ।
६. कोल्डस्टोर निर्माणको Variation Order गर्ने सम्वन्धमा ।
७. स्थानीय पाठ्यपुस्तक छपाई सम्वन्धमा ।
८. रुरुक्षेत्र डिजिटल प्रविधिमैत्री शिक्षा सम्वन्धमा ।
९. औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्वन्धमा । (प्रविण ज्ञवाली, रुरुक्षेत्र-२, क्यान्सर)
१०. ग्यावीन जाली खरिद सम्वन्धमा ।
११. करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्वन्धमा ।
१२. नगर प्रहरी जवान सुमन वि.क. सँग करार नविकरण गर्ने साथै नगर प्रहरीको रात्रीकालिन भत्ता सम्वन्धमा ।
१३. रिडी शवदाह घाट निर्माण, रुरुक्षेत्र-१ को वचत भएको रकमवाट थप कार्यको लागि टेण्डर गर्ने सम्वन्धमा ।
१४. वजेट व्यवस्था सम्वन्धमा ।
(क) प्रहरी चौकी, रुरुको नेट शुल्क रु. १० हजार ५ सय भुक्तानी सम्वन्धमा ।
(ख) रुरु स्वास्थ्य चौकी, रुरुक्षेत्र-१ मर्मत सम्वन्धमा ।
(ग) श्री ज्ञानज्योति प्रा.वि. का विद्यालय कर्मचारी विष्णु प्रसाद ज्ञवालीको सहयोग माग सम्वन्धमा ।
(घ) कृष्ण वहादुर घर्ति, रुरुक्षेत्र-३ लाई ग्यावीन जाली लगाउन सहयोग उपलब्ध गराउने सम्वन्धमा ।
(ङ) राम वहादुर घर्ति, रुरुक्षेत्र-३ को पाईप उपलब्ध गराउने सम्वन्धमा ।
(च) वडा नं. १ र ४ मा मेसिनरी उपकरण तथा फर्निचरको व्यवस्था सम्वन्धमा ।
(छ) औषधी खरिद गर्दा वजेट भन्दा वढी रकम रु. ४ लाख ५८ हजार भुक्तानी सम्वन्धमा ।
(ज) होमस्टे संचालन २ लाखलाई होमस्टे संचालनार्थ ट्रस निर्माण शिर्षक कायम गर्नुपर्ने ।

# मिति २०८१/१२/२५ गतेको बाह्रौ गाउँकार्यपालिका बैठकका निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | यस भन्दा अगाडीका कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्थाबारे छलफल तथा समीक्षा गरियो । निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । |

**२.** यस गाउँपालिकाबाट गत आ.व. मा चौतारा-नेटा-लोक्मा-देउराली सडक स्तरोन्नती, रुरुक्षेत्र-२ को लागि गाउँपालिकाबाट रु. ३ करोड र प्रदेश सरकारबाट रु. ३ करोड गरी ६ करोड बहुबर्षिय योजना स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेश गरिएको, रुरुक्षेत्र गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को बजेटमा गाउँपालिकाको वडा पहुँच मार्गको रुपमा रहेको चौतारा-नेटा-लोक्मा-देउराली सडकलाई कालोपत्रे गर्ने गरी बहुबर्षिय योजनाको रुपमा निर्माण गर्न रु. ७ करोड २० लाखको रकम सुनिश्चित गरी आ.ब. २०८१/०८२ मा समपूरक कोष अनुदान अन्तर्गत प्रदेश सरकारबाट रु. ७० लाख र गाउँपालिकाबाट रु. ७० लाख गरी जम्मा रकम रु. १ करोड ४० लाख बजेट व्यवस्था भएको । यस कार्यालयबाट चौतारा-नेटा-लोक्मा-देउराली सडक स्तरोन्नती, रुरुक्षेत्र-२ को निर्माण कार्यको लागि बहुबर्षिय टेण्डर आव्हान गर्दा राजेश्वरी कन्स्ट्रक्सन प्रा.लि., गुल्मीसँग रु. ४ करोड ३६ लाख ५ हजार ९ सय ८६ रुपैया ६० पैसामा मिति २०८४/०३/०९ मा सम्पन्न गर्ने गरी संझौता भएकोमा निर्माण कम्पनीबाट सो आयोजनाको निर्माण कार्य २०८२/०८३ मा नै सम्पन्न गरिसक्ने जानकारी दिएकोले उक्त आयोजनाको लागि आवश्यक पर्ने देहाय अनुसारको बजेट प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि बमोजिम बजेट व्यवस्थाको लागि प्रदेश सरकार समक्ष प्रस्ताव पेश गर्ने ।

देहाय:

**(क) समपूरक कोषबाट संचालन हुने योजना:**

| क्र. सं. | आयोजना को नाम | ठेगाना | गाउँपालिकाले व्यहोर्ने रकम | प्रदेश सरकार समक्ष माग गरिएको रकम | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | चौतारा-नेटा-लोक्मा-देउराली सडक स्तरोन्नती | रुरुक्षेत्र -२, गुल्मी | १,४८,०५,९८६।६ | १,४८,००,०००/- | २,९६,०५,९८६।६० | आगामी आ.व. मा निर्माण कार्य सम्पन्न गर्ने गरी । |

**३.** विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि बमोजिम देहाय अनुसारका योजना तथा कार्यक्रमको लागि बजेट व्यवस्था गर्न प्रदेश सरकार समक्ष प्रस्ताव पेश गर्ने ।

**(ख) विशेष अनुदानबाट संचालन हुने योजना:**

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | माग गरिएको रकम |
|---|---|---|---|
| १. | रुरुक्षेत्र डिजिटल प्रविधि मैत्री शिक्षा | रुरुक्षेत्र गा.पा. | ४०,००,०००/- |
| २. | स्वास्थ्य संस्था व्यवस्थापन | रुरुक्षेत्र गा.पा. | ४०,००,०००/- |

**४.** मिति २०८१/१२/२२ मा बसेको गाउँ शिक्षा समितिका निर्णयहरु मध्ये निर्णय नं. ५, ७, र १५ लाई देहाय बमोजिम रकम विनियोजन गर्ने र अन्य निर्णयहरु कार्यान्वयन गर्ने गरी निर्णयहरु अनुमोदन गर्ने ।

देहाय:

CamScanner

(क) शिक्षा समितिबाट निर्णय भए बमोजिम सुत्केरी बिदामा बसेका महिला शिक्षकको सट्टामा कार्यरत शिक्षकहरुको तलब भत्ता बापत रु. १ लाख २६ हजार विनियोजन गर्ने ।

(ख) सिन्दुरे प्रा.वि., रुरुक्षेत्र-४ को बरण्डा मर्मत, रंगरोगन, पाइप फिटिङ्ग लगायतका कार्य गर्न रु. ३९ हजार विनियोजन गर्ने ।

(ग) रुरुक्षेत्र गाउँपालिका वडा नं. ५ मा रहेको जनज्योति आधारभूत विद्यालयलाई प्लाष्टिक टंकी खरिदको लागि रु. १२ हजार विनियोजन गर्ने ।

५. शर्मा सगुन जोइन्ट भेन्चर, रुपन्देहीले मिति २०८१/१२/२१ गतेको पत्रबाट रिडी-बलकोट सडक खण्ड स्तरोन्नती अन्तर्गत रिडी देखी खरज्याङ्गसम्मको निर्माण कार्य अन्तिम चरणमा पुगेको र यसका निम्ति आवश्यक गिट्टी साँगुरे र ठुलाबगर क्षेत्रबाट १०० टिप्पर उत्खननको लागि निवेदन पेश गरेकोले उक्त निर्माण कम्पनीलाई साँगुरे र ठुलाबगर क्षेत्रबाट उल्लेखित आयोजनामा प्रयोग गर्ने गरी माग बमोजिमको ७५० घन मिटर नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) प्राविधिकबाट नाप जाँच गराई नियमानुसारको रकम दाखिला गराई उत्खनन् गर्न अनुमति दिने ।

६. रुरुक्षेत्र गाउँपालिकाको वडा नं. १ मा निर्माणाधिन कोल्डस्टोरको कार्यालयबाट पेश भए बमोजिम लागत स्टिमेट यथावत रहने गरी सार्वजनिक खरिद ऐन र नियमावली अनुसार Variation Order स्वीकृत गर्ने ।

७. रुरुक्षेत्र गाउँपालिकाको कक्षा १-५ सम्मको स्थानीय पाठ्यपुस्तक संशोधन गरी विद्यार्थि संख्याको आधारमा शिक्षा, युवा तथा खेलकुद शाखाको माग बमोजिमको संख्या छपाई गर्ने । साथै कक्षा ६-८ सम्मको स्थानीय पाठ्यपुस्तक समेत छपाई गरी विद्यार्थिहरुलाई वितरण गर्ने ।

८. रुरुक्षेत्र डिजिटल प्रविधिमैत्री शिक्षाको लागि विनियोजित बजेट विद्यालयहरुलाई शिक्षा, युवा तथा खेलकुद शाखाबाट पेश भए बमोजिम रकम विनियोजन गरी विद्यालयहरुलाई डिजिटल बोर्ड खरिद तथा जडानको लागि अनुमति दिने ।

९. मृगौला प्रत्यारोपण, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधिउपचार बापतखर्च उपलब्ध गराउने सम्बन्धीकार्यविधि, २०७८ बमोजिम गाउँपालिकास्तरीय आर्थिक रुपले विपन्न नागरिकहरुलाई औषधी उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि सिफारिस गर्न गठित समितिको सिफारिसको आधारमा देहायका व्यक्तिलाई मासिक रुपमा रु ५,०००/- (अक्षरुपी पाँचहजार) उपलब्ध गराउने ।

देहाय:

| क्र.सं. | नाम थर | ठेगाना | रोगको किसिम | ना.प्र.प.नं. | लागु हुने मिति |
|---|---|---|---|---|---|
| १. | प्रविण ज्ञवाली | रुरुक्षेत्र-२ | क्यान्सर | ४९४ | २०८१ चैत्र १ |
| २. | कोपिला क्षेत्री | रुरुक्षेत्र-१ | क्यान्सर | ५०१०३५/३४१ ८१ | २०८१ फागुन १ |

१०. विपद् जन्य घटनाबाट नागरिकका घर जग्गा लगायतमा क्षेती हुने भएकोले नागरिकहरुलाई आवश्यकताको आधारमा ग्यावीन जाली वितरण गर्नुपर्ने, कार्यालयमा ग्यावीन जाली नभएकोले तत्कालको लागि २×१×१ का ग्यावीन जाली रु. १० लाखको प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्ने गरी खरिद गर्ने ।

CS CamScanner

| | |
|---|---|
| ११. | गाउँ कार्यपालिका र मातहतका कार्यालयमा विभिन्न पदहरु रिक्त रहेको हुँदा सेवा प्रवाहमा समस्या देखिएको हुँदा प्रभावकारी सेवा प्रवाहको लागि अति आवश्यक देहायका पदहरुमा करार सेवामा कर्मचारी पदपूर्ति गर्ने ।<br><br>**देहाय:**<br><br>सब इन्जिनियर: १ जना<br>अमिन: १ जना<br>सहायक कम्प्युटर अपरेटर: १ जना |
| १२. | नगर प्रहरी जवान सुमन वि.क. उपचारको क्रममा भारतमा गएकोले मिति २०८१ असोज २९ देखी २०८१ फागुन २२ सम्म कार्यालयमा उपस्थित हुन नसकेको हुँदा बेतलबी विदा स्वीकृत गरी नियमित सेवामा काम गर्ने अनुमति उपलब्ध गराईदिनुहुन भनी यस कार्यालयमा मिति २०८१/११/२३ मा निबेदन पेश गरेकोले निजलाई मिति २०८१ असोज २९ देखी चैत्र मसान्तसम्म बेतलबी विदा स्वीकृत गरी मिति २०८२ वैशाख १ गतेदेखी लागु हुने गरी करार संभौता नविकरण गर्ने । साथै रात्रीकालीन समयमा कार्य गर्ने नगर प्रहरी १ जनालाई रात्रीकालीन सेवा बापत दैनिक रु. १२०/- (अक्षरुपी एक सय बीस रुपैया) का दरले भत्ता उपलब्ध गराउने । |
| १३. | रिडी शवदाह घाट निर्माण, रुरुक्षेत्र-१ को ठेक्का संभौता भई विनियोजित बजेटमा बचत भएको रकम रु. १४ लाख र गाउँपालिकाको स्रोत सुनिश्चितताबाट थप रु. ३ लाख ५० हजार गरी जम्मा रु. १७ लाख ५० हजार रुरुक्षेत्र गाउँपालिकाबाट र रु. १७ लाख ५० हजार छत्रदेव गाउँपालिका, अर्घाखाँचीबाट गरी जम्मा लागत रु. ३५ लाख वरावरको घाटमा जाने मलामीहरुको सुविधाको लागि छत्रदेव गाउँपालिका, अर्घाखाँची र रुरुक्षेत्र गाउँपालिका, गुल्मीवीच साझेदारीमा निर्माण भएको रुरुक्षेत्र-छत्रदेव आश्रमस्थलमा बाँकी रहेको कार्यको लागि टेण्डर आव्हान गर्ने । |
| १४. | देहाय अनुसार बजेट विनियोजन गर्ने ।<br><br>(क) प्रहरी चौकी, रुरुको इन्टरनेट खर्च बापतको रकम रु. १० हजार ५ सय भुक्तानी गर्ने ।<br>(ख) रुरु स्वास्थ्य चौकी, रुरुक्षेत्र-१ को मर्मतको लागि रु. ४७ हजार रकम विनियोजन गर्ने ।<br>(ग) रुरुक्षेत्र-४ निवासी विष्णु प्रसाद ज्ञवालीले मिति २०५४ फागुन १ गते देखी २०८१ चैत्र ५ गतेसम्म २७ वर्ष ११ महिना श्री ज्ञानज्योती प्रा.वि. मा विद्यालय कर्मचारी पदमा कामकाज गरेकोले निजलाई अन्य सामाजिक सुरक्षा सहायता शिर्षकबाट रु. ६० हजार उपलब्ध गराउने ।<br>(घ) रुरुक्षेत्र-३ निवासी कृष्ण वहादुर घर्तिलाई घरको सुरक्षाको लागि ग्यावीन जाली भर्नको लागि रु. २० हजार प्रकोप व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।<br>(ङ) रुरुक्षेत्र-३ को रहमा खानेपानी समस्या भएकोले सो समाधानको लागि रह खानेपानी योजना, |

CamScanner

| | |
|---|---|
| | रुरुक्षेत्र-३ को लागि रु. १ लाख ३० हजार बजेट विनियोजन गर्ने ।<br>(च) वडा कार्यालयहरुबाट माग भई आएका फर्निचर लगायतका सामाग्रीहरु र मेसिनरी उपकरणहरु विनियोजित शिर्षकबाट खरिद गरी उपलब्ध गराउने ।<br>(छ) संघिय शसर्त र गा.पा. स्वास्थ्य चालु शिर्षकको आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिदमा विनियोजन भएको वजेट १९ लाख ८७ हजारमा रु. ५० लाख १३ हजार बजेट श्रोत सुनिश्चित गरी टेण्डर आव्हान गरिएकोमा विनियोजन वजेटमा रु. ४ लाख ९८ हजार अपुग भएकोले उक्त बजेट विनियोजन गरी भुक्तानी गर्ने ।<br>(ज) होमस्टे संचालन शिर्षकमा विनियोजित बजेटलाई होमस्टे संचालनार्थ ट्रस निर्माण, रुरुक्षेत्र-६ शिर्षक कायम गरी निर्माण कार्य अगाडी बढाउने । |